व्याख्यात्मक घोषणा

प्रतिनिधि सभाले नेपालको तर्फबाट नेपाल सरकार, अर्थ मन्त्रालय र संयुक्त राज्य अमेरिकाको तर्फबाट मिलेनियम च्यालेन्ज कर्पोरेशनबीच २०७४ भदौ २९ (सेप्टेम्बर १४, २०१७) मा सम्पन्न अनुदान सहायता सम्झौता (Millennium Challenge Compact) को अनुमोदन गर्दा जारी गरेको व्याख्यात्मक घोषणा।

प्रस्तावना

सार्वभौमिक समानता र भौगोलिक अखण्डता तथा अन्य राज्यको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने अन्तराष्ट्रिय कानूनका सिद्धान्तलाई ध्यान दिँदै

असंलग्नता, शान्तिपूर्ण सहअस्तित्व र आपसी मित्रतासम्बन्धी नेपालको परराष्ट्र नीतिको स्मरण गर्दै

नेपाल र संयुक्त राज्य अमेरिकाबीच लामो समयदेखि रहँदै आएको मैत्रीपूर्ण सम्बन्ध र सहयोगलाई महत्त्व दिँदै;

कम्प्याक्टमा रहेका प्रावधानहरूको आशय र प्रयोगका बारेमा मिलेनियम च्यालेन्ज कर्पोरेशनबाट २०७८ भदौ २३ (सेप्टेम्बर ८. २०२१) मा नेपालले प्राप्त गरेको स्पष्टीकरणलाई जानकारीमा लिँदै,

परम्परागत अन्तर्राष्ट्रिय कानूनका नियमहरू, सन्धिसम्बन्धी अन्तर्राष्ट्रिय कानून, राज्यहरुका अभ्यास तथा नेपाल काननवमोजिम नेपालले कुनै सन्धि वा सन्धिको प्रावधानको अर्थ वा दायरा निर्दिष्ट गन वा स्पष्ट गर्न घोषणा गर्न सक्ने कुरालाई पष्टि गर्दै;

नेपाल निम्नानुसार घोषणा गर्दछः

१. कम्प्याक्टको पक्ष भएको कारण नेपाल संयुक्त राज्य अमेरिकाको हिन्द-प्रशान्त रणनीति (Indo-Pacific Strategy) लगायत कुन पान सामरिक, सैन्य वा सुरक्षा गठबन्धनमा आबद्ध भएको मानिने छैन भनी घोषणा गर्दछ।

२. देशको मूल कानूनको रुपमा रहेको नेपालको संविधान कम्प्याक्ट र कम्प्याक्टसग सम्बन्धित अन्य सम्झौताहरु भन्दा माथि रहेको छ भनी घोषणा गर्दछ।

३. कम्प्याक्टको दफा२.७ दफा ५.१(ख)(३), दफा ५.१(ख) (८) को सम्बन्धमा कम्प्याक्टका ती दफाहरुको उदेश्य एमसीसी अनुदान तथा परियोजनाको सम्पत्ति उपयोगका सन्दर्भमा मात्र लागू हुनेछ भन्ने बुझाइ नेपालको रहेको छ । ती प्रावधानले एमसीसीको अनुदानको प्रयोग बाहेक अन्य कनै पनि दृश्यको लागि हाल विद्यमान वा भविष्यमा निर्माण हुने अमेरिकी कानून वा नीतिहरुको पालना गर्न नेपाल वाध्य छैन भनी घोषणा गर्दछ।

४. कम्प्याक्टको दफा ३.२ (ख) को सम्बन्धमा मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति "एमसीए-नेपाल' ले सञ्चालन गर्ने क्रियाकलाप

नेपालको कानून द्वारा निर्देशित र कम्प्याक्ट अनुसार नियमित हुनेछ भनी घोषणा गर्दछ।

५.कम्प्याक्टको दफा ३.२ (च) को सम्बन्धमा कम्प्याक्टको उपयोगबाट सिर्जना हुने बौद्धिक सम्पत्तिमाथि एमसीसीको स्वामित्व रहने छैन, कम्प्याक्ट कार्यक्रम अन्तर्गत सिर्जना हुने सम्पूर्ण बौद्धिक सम्पत्ति उपर नेपालको स्वामित्व रहनेछ र त्यसको पूर्ण उपयोग नेपालले गर्न पाउनेछ भनी घोषणा गर्दछ।

६. कम्प्याक्टको दफा ३.५ को सम्बन्धमा कार्यान्वयन पत्रहरू कम्प्याक्टको दायराभित्र लागू गरिनेछ भनी घोषणा गर्दछ।

७. कम्प्याक्टको दफा ३.८ (क) को सम्बन्धमा एमसिए-नेपालका सबैक्रियाकलाप तथा कोषको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम महालेखा परीक्षकबाट समेत हुनेछ भनी घोषणा गर्दछ।

८. कम्प्याक्टको दफा ५.१ (क) को सम्बन्धमा नेपालले तीस (३०) दिनको लिखित पूर्व सूचना दिई विना कुनै कारण कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकारका अतिरिक्त कम्प्याक्ट अन्तर्गतका क्रियाकलाप/कार्यक्रम सञ्चालन गर्दा नेपालको कानून वा नीति उल्लङ्घन भएकोमा समेत तीस (३०) दिनको लिखित पूर्व सूचना दिई कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकार राख्दछ भनी घोषणा गर्दछ।

९.कम्प्याक्टको दाफाको सम्बन्धमा कम्प्याक्टको समाप्ति निलम्बन वा अन्त्यपछि पनि लाग हुने भनिएका प्रावधानहरू कम्प्याक्ट कार्यकम र एमसीसीका अनुदानको

उपयोग लगायत कम्प्याक्ट अन्तर्गतका परियोजनाहरूका मूल्याङ्कन, लेखापरीक्षण र करका फरमारकको हदसम्म मात्र सान्दर्भिक हुन्छ भनी घोषणा

१०.कम्प्याक्टको दफा ७.१ को सम्बन्धमा कम्प्याक्ट कलर्गतका कार्यक्रमको कार्यान्वयन कम्प्याक्ट तथा नेपालको प्रचलित राष्ट्रिय कानूनवमीजिम हुनेछ भनी घोषणा गर्दछ।

११.कम्प्याक्टको दफा ८.१ को सम्बन्धमा विद्युत प्रसारण परियोजना (Electricity Transmission Project) लगायतका सबै चल तथा अचल सम्पत्ति र परियोजनासँग सम्बन्धित जग्गा नेपाल सरकार वा नेपाल सरकारका निकायहरूको स्वामित्वमा रहनेछ भनी घोषणा गर्दछ।

१२.कम्प्याक्टमा रहेका प्रावधानहरूको आशय र प्रयोगका वारेमा मिलेनियम च्यालेञ्ज कर्पोरेशनबाट २०७८ भदौ २३ (सेप्टेम्बर ८, २०२१) मा नेपालले प्राप्त गरेको स्पष्टीकरणले कम्प्याक्टको व्याख्या तथा कार्यान्वयनमा मदत गर्ने बुझाइ नेपालको रहेको छ।